नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका

२०७४

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शिक्षा विभाग**

# विद्यालय सुधार योजना निर्माण
# सहयोगी पुस्तिका

२०७४

प्रकाशक

नेपाल सरकार

शिक्षा मन्त्रालय

**शिक्षा विभाग**

सानोठिमी, भक्तपुर

© सर्वाधिकार

**शिक्षा विभाग**

मङ्सिर २०७४

प्रकाशित प्रतिः ३४,०००

# हाम्रो भनाइ

विद्यालय शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गर्न, गुणस्तर अभिवृद्धि गर्न एवम् संस्थागत सक्षमता अभिवृद्धि गर्न नेपाल सरकारले शिक्षा क्षेत्रमा विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यसै सिलसिलामा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, दोस्रो (BPEP-II) को संस्थागत सक्षमता अभिवृद्धि गर्ने उद्देश्य अन्तर्गत आर्थिक वर्ष २०५६/०५७ देखि १२ जिल्लामा परीक्षणका रूपमा विकेन्द्रीकृत शैक्षिक योजनाको रूपमा विद्यालय सुधार योजना प्रारम्भ गरी आर्थिक वर्ष २०५८/०५९ देखि देशभरि लागू गरियो । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, दोस्रो (BPEP-II) को समाप्तिपश्चात् कार्यान्वयनमा ल्याइएका "सबैका लागि शिक्षा कार्यक्रम", "विद्यालय क्षेत्र सुधार कार्यक्रम" र हाल कार्यान्वयनमा रहेको "विद्यालय क्षेत्र विकास योजना" ले समेत विद्यालय सुधार योजनालाई एक महत्वपूर्ण साधनका रूपमा अङ्गीकार गर्दै आइरहेको छ ।

नेपालको संविधान (२०७२) अनुसार गरिएको राज्यको पुनर्संरचना, विद्यालय क्षेत्र विकास योजना (विक्रम सम्वत २०७३-२०८०) लगायतको परिवर्तित सन्दर्भका साथै विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको हालसम्मको अनुभवका आधारमा योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समयसापेक्ष परिमार्जन गर्नुपर्ने आवश्यकता भएकाले विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७१ लाई परिमार्जन गरी "विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७४" तयार गरिएको छ ।

विद्यालय शिक्षामा गरिएका योजनाबद्ध प्रयासहरूको फलस्वरूप शैक्षिक पहुँचमा उल्लेख्य उपलब्धि हासिल भएकाले विद्यालय क्षेत्र विकास कार्यक्रमले गुणस्तरमा फड्को मार्ने ध्येय राखेको छ । विद्यालय सुधार योजनाको मूल ध्येय विद्यालयको समग्र पक्षको सुधारमार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु हो । त्यसैले विद्यालय क्षेत्र विकास कार्यक्रमले निर्धारित गरेका उद्देश्यहरू पूरा गर्नका लागि एक महत्वपूर्ण सुधार संयन्त्रका रूपमा विद्यालय सुधार योजनालाई आत्मसात् गरिएको छ । सामुदायिक विद्यालयले अनिवार्य रूपमा सरोकारवालाहरूको अर्थपूर्ण सहभागितामा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने व्यवस्था मिलाइएको छ । योजनाको निर्माण र कार्यान्वयन प्रक्रियालाई सहजीकरण एवम् मार्गनिर्देशित गर्ने उद्देश्यले प्रस्तुत सहयोगी पुस्तिका तयार गरिएको हो । यस पुस्तिकामा योजनाको सान्दर्भिकता एवम् नीतिगत प्रावधान, योजना निर्माण, कार्यान्वयन र समीक्षा प्रक्रिया एवम् विद्यालय सुधार योजनाको विस्तारित खाका जस्ता पक्षहरूलाई मुख्य विषयवस्तु बनाइएको छ। प्रस्तुत पुस्तिकाले पञ्चवर्षीय योजना र वार्षिक कार्यान्वयन योजनाको प्रक्रिया एवम् ढाँचालाई निर्देशित गरेको हुँदा सबै विद्यालयहरूले यसै पुस्तिकाद्वारा निर्धारित मार्गदर्शन एवम् कार्यप्रक्रिया अनुसार विद्यालय सुधार योजना निर्माण एवम् प्रभावकारी कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ ।

यस पुस्तिका तयारीका क्रममा सञ्चालित कार्यशाला, बैठकमा प्राविधिक सहायता एवम् छपाइ तथा वितरणका लागि आर्थिक सहयोग प्रदान गर्ने जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) लाई धन्यवाद ज्ञापन गर्दछु । पुस्तिका तयार गर्न सल्लाह एवम् मार्गदर्शन प्रदान गर्ने शिक्षा विभागका निर्देशकहरू श्री केशव प्रसाद दहाल र श्री दीपक शर्मा तथा सबै शाखा प्रमुखहरूलाई धन्यवाद दिन चाहन्छु । सरल भाषा शैलीमा आम सरोकारवालालाई प्रयोगकर्तामैत्री हुनेगरी पुस्तिका लेखन र परिमार्जन कार्यमा योगदान दिनुहुने शिक्षा विभागका उपनिर्देशकहरू श्री घनश्याम अर्याल, श्री ज्ञानेन्द्र बन र श्री पदमराज आचार्य, प्रमुख लेखा नियन्त्रक श्री भगवान प्रसाद उप्रेती एवम् शाखा अधिकृत श्री अर्जुन ढकाल विशेष धन्यवादका पात्र हुनुहुन्छ । त्यसै गरी लेखन र परिमार्जन कार्यमा योगदान दिनुहुने शैक्षिक जनशक्ति विकास केन्द्रका उपनिर्देशक श्री यामनारायण घिमिरे तथा भाषा सम्पादन गर्ने पाठ्यक्रम विकास केन्द्रका उपनिर्देशक श्री विष्णुप्रसाद अधिकारी लगायत विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका परिमार्जन कार्यदलका सम्पूर्ण सदस्यहरूबाट भएको योगदानको कदर गर्दछु ।

अन्त्यमा, यस पुस्तिकालाई थप प्रभावकारी, उपयोगी बनाउन सम्बन्धित सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

मङ्सिर २०७४

बाबुराम पौडेल
महानिर्देशक

# सङ्क्षेपीकरण

| | | |
|---|---|---|
| आव | - | आर्थिक वर्ष |
| प्रअ | - | प्रधानाध्यापक |
| विस | - | विक्रम सम्वत |
| विसुयो | - | विद्यालय सुधार योजना |
| विव्यस | - | विद्यालय व्यवस्थापन समिति |
| विनि | - | विद्यालय निरीक्षक |
| विक्षेवियो | - | विद्यालय क्षेत्र विकास योजना |
| शिअस | - | शिक्षक अभिभावक सङ्घ |

# विषय-सूची


पुस्तिकाको परिचय ........................................................................................१

**खण्ड-क**

**सान्दर्भिकता र नीतिगत प्रावधान**

१. विद्यालय सुधार योजनाको परिचय ...................................................................२

२. विद्यालय सुधार योजना सम्बन्धी नीतिगत व्यवस्था ................................................३

**खण्ड-ख**

**विद्यालय सुधार योजना कार्यविधि**

१. विद्यालय सुधार योजना निर्माणका आधार.............................................................८

२. योजना चक्र ..............................................................................................८

३. योजना चक्रका तिन चरणको विस्तृत विवरण.......................................................९

**खण्ड-ग**

**विद्यालय सुधार योजनाको ढाँचा**

पञ्चवर्षीय योजनाको ढाँचा ..............................................................................१४

वार्षिक कार्यान्वयन योजनाको ढाँचा .....................................................................४०

**अनुसूची**

अनुसूची १: विद्यालय सुधार योजनासँग सम्बन्धित सन्दर्भ सामग्रीहरूको सूची/सहयोगी सामग्रीहरू.......४६

अनुसूची २: विद्यालय स्वःमूल्याङ्कन रुजुसूची ......................................................................४९

अनुसूची ३: विद्यालय सुधार योजना लेखाजोखा फाराम ..........................................................५५

## पुस्तिकाको परिचय

विद्यालय सुधार योजना (School Improvement Plan-SIP) विद्यालयको **शैक्षिक गुणस्तर सुधार**मा केन्द्रित रही निर्माण गरिने साधन हो । विद्यालयले आवधिक रूपमा विद्यालय सुधार योजना तयार गरी समग्र व्यवस्थापन एवम् सुधार कार्यहरू सञ्चालन गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ ।

विद्यालय सुधार योजना निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गर्न विद्यालयलाई **स्वःमार्गदर्शन** प्रदान गर्ने उद्देश्यले यो **"विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७४"** तयार गरिएको छ । यस पुस्तिकाको प्रयोगकर्ता विद्यालय हो । यसले विद्यालयलाई योजना तर्जुमा, कार्यान्वयन तथा समीक्षा गर्नका लागि आवश्यक नीतिगत प्रावधान, कार्यविधि, सहयोगी साधन तथा योजना तयारीका लागि मार्गदर्शन प्रदान गर्दछ । साथै पुस्तिकाले विद्यालय सुधार योजना प्रक्रियामा सहयोग गर्ने एवम् संलग्न हुने व्यक्ति तथा निकायहरूलाई योजना निर्माण, लेखाजोखा र कार्यान्वयन विधिबारे आवश्यक सूचना प्रदान गर्दछ ।

यो पुस्तिका "विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७१" को **परिमार्जित संस्करण** हो । पुस्तिकालाई यस संस्करणमा समयसापेक्ष अझ सरल, व्यावहारिक एवम् प्रयोगकर्तामैत्री बनाउने प्रयास गरिएको छ ।

विद्यालय सुधार योजना निर्माण, लेखाजोखा र कार्यान्वयनका क्रममा सरोकारवालाहरूबाट प्राप्त पृष्ठपोषणका आधारमा पुस्तिका परिमार्जन गरिएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम (विस २०६६-०७२) को अनुभव, विद्यालय क्षेत्र विकास योजना (विस २०७३-०८०) को नीति निर्देश एवम् राज्यको पुनर्संरचना अनुरूप स्थानीय तहका शैक्षिक योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गर्न यो पुस्तिका परिमार्जन गरिएको हो ।

## पुस्तिकाको उद्देश्य

यस पुस्तिका निर्माणका मुख्य उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

क) विद्यालय सुधार योजनाको अवधारणा र नीतिगत व्यवस्थासँग परिचित गराउने,
ख) विद्यालय सुधार योजना प्रक्रिया सम्बन्धमा मार्गदर्शन प्रदान गर्ने,
ग) विद्यालय सुधार योजनाको आवश्यक ढाँचा प्रदान गर्ने ।

## पुस्तिकाको संरचना

यस पुस्तिकालाई तिन खण्डमा विभाजन गरिएको छ । खण्ड-क मा "सान्दर्भिकता र नीतिगत प्रावधान", खण्ड-ख मा "विद्यालय सुधार योजना कार्यविधि" र खण्ड-ग मा "विद्यालय सुधार योजनाको ढाँचा (पञ्चवर्षीय योजना र वार्षिक कार्यान्वयन योजना)" समावेश गरिएको छ ।

# खण्ड-क

# सान्दर्भिकता र नीतिगत प्रावधान

यस खण्डमा दुईवटा उप-खण्डहरू छन् । पहिलो उपखण्ड ***"विद्यालय सुधार योजनाको परिचय"*** अन्तर्गत विद्यालय सुधार योजनाको अवधारणा, विकासक्रम र सान्दर्भिकतालगायतका विषयवस्तुहरू समावेश गरिएको छ । यसैगरी दोस्रो उपखण्ड ***"विद्यालय सुधार योजना सम्बन्धी नीतिगत व्यवस्था"*** अन्तर्गत विद्यालय सुधार योजनाको दायरा, स्वरूप, विद्यालय सुधार योजना र अन्य सरकारी योजनाबिचको सम्बन्ध, विद्यालय सुधार योजना र विद्यालयका अन्य दस्तावेजबिचको अन्तरसम्बन्ध, भूमिका र जिम्मेवारी, स्रोत व्यवस्थापन र योजना निर्माण क्षमता विकास सम्बन्धी विषयवस्तु समेटिएका छन् ।

# १. विद्यालय सुधार योजनाको परिचय

## १.१ अवधारणा

विद्यालय सुधार योजनाको मूल ध्येय शैक्षिक गुणस्तर सुधारका लागि **राम्रो विद्यालय** (Better school), **राम्रो शिक्षण** (Better teaching) र **राम्रो सिकाइ** (Better learning) को सुनिश्चितता प्रदान गर्नु हो । विद्यालय सुधार योजना विद्यालयको आफ्नै पहलमा शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाई सहयोग गर्ने एउटा साधन हो । विद्यालय व्यवस्थापन समिति (विव्यस) को नेतृत्व र सबै सरोकारवालाहरूको सहयोग तथा सहभागितामा विद्यालयको शैक्षिक गुणस्तरमा जोड दिनुको साथै समग्र पक्षको सुधारमा केन्द्रित रही विद्यालय सुधार योजना तयार गर्नु पर्दछ ।

विद्यालय सुधार योजनाको प्रयोगबाट अभिभावक, समाजसेवी, शिक्षाप्रेमी, विद्यार्थी, शिक्षकलगायतका सरोकारवालाहरूको सक्रिय सहभागिताको प्रवर्द्धन, गतिशील संलग्नता र अपनत्व वृद्धि गर्न सहयोग पुग्दछ । विद्यालय समुदायको महत्वपूर्ण सम्पत्ति भएकाले समुदायको सहयोगबाट मात्र यसको अपेक्षित विकास सम्भव छ भन्ने व्यावहारिक सिद्धान्तलाई यस योजना अभ्यासले आत्मसात् गर्दछ । त्यसैले विद्यालय सुधार योजनामा सरकारबाट प्राप्त हुने अनुदानका अतिरिक्त विद्यालयको आन्तरिक स्रोत तथा सबै सहयोगी निकायसँगको समन्वय, साझेदारी र सहकार्यमा विद्यालयलाई प्राप्त हुने सहयोगबाट सम्पादन गर्न सकिने कार्यकलापहरूलाई समेत समावेश गर्नु पर्दछ । यसका साथै योजनामा बजेट बिना र कम बजेटमा गर्न सकिने कार्यकलापहरूमा विशेष जोड दिनु आवश्यक छ ।

## १.२ विकासक्रम

विद्यालयमा समतामूलक पहुँच, गुणस्तर एवम् आन्तरिक सक्षमतामा सुधार गर्न योजनाबद्ध प्रयास विद्यालय स्तरबाटै गर्नुपर्ने आवश्यकता महसुस गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, दोस्रो (BPEP-II) को सुरूवातसँगै आर्थिक वर्ष (आव) २०५६/०५७ देखि १२ जिल्लामा परीक्षणको रूपमा विद्यालय सुधार योजना निर्माणको प्रारम्भ गरिएको थियो । परीक्षणबाट प्राप्त नतिजाका आधारमा विद्यालय सुधार योजनालाई आव २०५८/०५९ देखि देशव्यापी रूपमा विस्तार गरिएको थियो । शिक्षा ऐन २०२८ (सातौं संशोधन २०५८) तथा शिक्षा नियमावली २०५९ (संशोधनसहित) ले विकेन्द्रीकृत शैक्षिक योजनाको रूपमा विद्यालयमा आधारित योजना, गाउँ शिक्षा योजना र जिल्ला शिक्षा योजनाको व्यवस्था गरेको छ । यसै सन्दर्भमा, सबैका लागि शिक्षा कार्यक्रम (विस २०६१-२०६६), विद्यालय क्षेत्र सुधार कार्यक्रम (विस २०६६-२०७२) र विद्यालय क्षेत्र विकास योजना (विस २०७३-२०८०) मा विद्यालय सुधार योजनालाई महत्वपूर्ण साधनको रूपमा निरन्तरता दिइएको छ ।

विद्यालय सुधार योजना सम्बन्धी नीतिगत व्यवस्था अनुरूप विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्ने गरेका छन् । योजना निर्माणले सरोकारवालाहरूको सहभागिता र क्षमता अभिवृद्धिमा टेवा पुगेको छ । योजना निर्माण, कार्यान्वयन र स्रोत परिचालन जस्ता कार्यहरूमा स्थानीय समुदायको सरोकार, सहभागिता, अपनत्व र जवाफदेहितामा बढोत्तरी हुँदै आएको छ ।

## १.३ सान्दर्भिकता

सबैका लागि शिक्षाको विश्वव्यापी घोषणा सन् १९९० (World Declaration on Education for All 1990) तथा इन्च्योन घोषणा सन् २०१५, दिगो विकास लक्ष्य (Sustainable Development Goal- SDG) सन् २०१६-२०३० को विकास लक्ष्य नं. ४: "सबैका लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइका अवसरको प्रवर्द्धन गर्ने" जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्नका लागि नेपाल सरकार प्रतिवद्ध रहेको छ । सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गर्ने मुख्य साधनका रूपमा विद्यालय क्षेत्र विकास योजना (School Sector Development Plan- SSDP) सन् २०१६-२०२३ को सुरुवात भएको छ । उक्त योजनामा *"विद्यालय तहमा गुणस्तर सुधारको साधनका रूपमा विद्यालय सुधार योजनाको उपयोग सुदृढ गराइनेछ"* (विक्षेवियो, पृष्ठ ७५) भन्ने उल्लेख छ ।

नेपालको संविधान (२०७२) मा प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा १२ सम्मको विद्यालय शिक्षाको व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहमा रहने व्यवस्था गरेको छ । हालै जारी गरिएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत दफा ११ उपदफा (२) को (ज) मा आधारभूत र माध्यमिक शिक्षा लगायत अन्य प्रकारको शिक्षासम्बन्धी नीति, कानुन, मापदण्डका अतिरिक्त योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा नियमन समेतको अधिकारको व्यवस्था गरेको छ। उक्त ऐनले विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, विद्यालयको नक्साङ्कन व्यवस्थापन लगायत अनुमति, स्वीकृति, समायोजन तथा नियमन समेतको व्यवस्था गरेको परिवेशमा स्थानीय तहले विद्यालय शिक्षा सम्बन्धी शैक्षिक योजना निर्माण र कार्यान्वयनको लागि सहयोग पुऱ्याउने उद्देश्यले यो पुस्तिका तयार गरिएको छ ।

# २. विद्यालय सुधार योजना सम्बन्धी नीतिगत व्यवस्था

## २.१ विद्यालय सुधार योजनाको दायरा

विद्यालय सुधार योजना सबै प्रकारका सामुदायिक विद्यालयहरू (परम्परागत विद्यालयसमेत) ले अनिवार्य रूपमा निर्माण गर्नु पर्दछ । साथै संस्थागत विद्यालयले यस पुस्तिकालाई आधार मानी योजना निर्माण गर्न सक्ने छन् । यस योजनाले विद्यालय शिक्षाअन्तर्गत विद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रमहरू (प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक देखि कक्षा १२ सम्मको औपचारिक शिक्षा, परम्परागत शिक्षा (गुरुकुल, गोन्पा र मदरसा), विशेष शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा) सबैलाई समेटनुपर्दछ ।

शैक्षिक गुणस्तर सुधारमा मुख्य केन्द्रित भई बालबालिकाहरूको समतामूलक पहुँच र सक्षमता अभिवृद्धिका लागि विद्यालय सञ्चालन तथा व्यवस्थापन, गुणस्तर सुधार, समता तथा समावेशीकरण, शिक्षक व्यवस्थापन, क्षमता विकास, विद्यालय स्वास्थ्य तथा पोषण, विपद् जोखिम न्यूनीकरण (Disaster

Risk Reduction- DRR), स्रोत व्यवस्थापन, अनुगमन तथा निरीक्षण जस्ता सबै पक्षहरू प्राथमिकताका साथ एकीकृत गरी विद्यालय सुधार योजनामा समावेश गर्नुपर्दछ ।

## २.२ विद्यालय सुधार योजनाको स्वरूप

विद्यालयले यस पुस्तिकामा उल्लिखित व्यवस्था, प्रक्रिया र निर्दिष्ट ढाँचाका आधारमा अनिवार्य रूपमा **पञ्चवर्षीय योजना** निर्माण गर्नुपर्दछ । यसरी पाँच वर्षका लागि योजना निर्माण गर्दा पहिलो वर्षको **वार्षिक कार्यान्वयन योजना** समेत समावेश गर्नुपर्दछ । विद्यालयले एक पटक पञ्चवर्षीय योजना निर्माण गरेपछि बाँकी चार वर्षको हकमा गत शैक्षिक सत्रको कार्य सम्पादनको समीक्षा गर्दै चालु शैक्षिक सत्रका लागि प्रत्येक वर्ष वार्षिक कार्यान्वयन योजना निर्माण गर्नुपर्दछ । वार्षिक कार्यान्वयन योजना संक्षिप्त, व्यावहारिक एवम् कार्यान्वयन योग्य हुनुपर्दछ ।

उदाहरणको लागि कुनै विद्यालयले २०७५ मा पञ्चवर्षीय योजना निर्माण गर्ने हो भने विद्यालयले तयार गर्नुपर्ने योजनाको समयतालिका देहाय अनुसारको हुन सक्दछ :

**विद्यालय सुधार योजना समयतालिका (नमुना)**

| वर्ष / योजना | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ |
|---|---|---|---|---|---|
| पञ्चवर्षीय योजना/वार्षिक कार्यान्वयन योजना | २०७५-२०७९ का लागि पञ्चवर्षीय योजना निर्माण जसमा २०७५ को वार्षिक कार्यान्वयन योजना समेत समावेश गर्ने | २०७६ को वार्षिक कार्यान्वयन योजना निर्माण | २०७७ को वार्षिक कार्यान्वयन योजना निर्माण | २०७८ को वार्षिक कार्यान्वयन योजना निर्माण | २०७९ को वार्षिक कार्यान्वयन योजना निर्माण |

तत् पश्चात विद्यालयले २०८०-२०८४ का लागि पुनः पञ्चवर्षीय योजना निर्माण गर्नुपर्दछ ।

## २.३ विद्यालय सुधार योजना र अन्य सरकारी योजनाबिचको सम्बन्ध

विद्यालय सुधार योजनामा प्रतिविम्बित गरेका समस्या, सवाल तथा कार्यक्रमहरूलाई गाउँ/नगर शिक्षा योजनामा सम्बोधन गर्नुपर्दछ । विद्यालय सुधार योजना निर्माण गर्दा सङ्घ, प्रदेश र स्थानीय सरकारले लिएका शैक्षिक नीति, कार्यक्रम तथा प्राथमिकताहरूलाई समेत ध्यान दिनुपर्दछ ।

## २.४ विद्यालय सुधार योजना र विद्यालयका अन्य दस्तावेजबिचको अन्तरसम्बन्ध

विद्यालय सुधार योजना विद्यालयको **मुख्य योजना** भएकाले विद्यालयका अन्य दस्तावेजहरू जस्तै विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क (School Level Electronic Excel based IEMIS), सामाजिक परीक्षण, आर्थिक प्रतिवेदन, वार्षिक कार्य तालिका तथा बाह्य सहयोगका लागि तयार पारिने प्रस्तावहरू आदि यसको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ ।

## २.५ भूमिका र जिम्मेवारी

### २.५.१ विद्यालयको भूमिका



विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनका लागि संस्थागत रूपमा **"विद्यालय"** र पदीयरूपमा **"प्रधानाध्यापक"** को प्रमुख जिम्मेवारी रहन्छ । यस योजना निर्माण गर्न विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक (प्रअ) को संयोजकत्वमा विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि, शिक्षक अभिभावक सङ्घ (शिअस) को प्रतिनिधि, शिक्षाप्रेमी र शिक्षकको प्रतिनिधित्व हुनेगरी ५ जनासम्मको **"विद्यालय सुधार योजना निर्माण कार्यदल"** गठन गर्नुपर्छ । योजना निर्माण प्रक्रियामा विद्यालय सेवाक्षेत्रका सबै सरोकारवालाहरू (शिअस, विद्यार्थी, अभिभावक, स्थानीय समाजसेवी आदि) को सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्दछ ।

**विद्यालय व्यवस्थापन समितिले विद्यालय सुधार योजना स्वीकृत गरी प्रत्येक वर्ष जेष्ठ महिनाको अन्तिम हप्ताभित्र एक/एक प्रति स्रोतकेन्द्र र स्थानीय तहमा अनिवार्य रूपमा पेस गर्नुपर्दछ ।**

प्रअले विद्यालय सुधार योजनाको कार्यान्वयनमा सबै व्यक्ति, निकायहरूको सहयोग तथा सहकार्यका लागि अग्रणी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । नियमित रूपमा योजना कार्यान्वयन अवस्थाको अनुगमन, मूल्याङ्कन एवम् समीक्षा विद्यालय व्यवस्थापन समितिले गर्नुपर्दछ ।

### २.५.२ स्रोतकेन्द्रको भूमिका

विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनमा स्रोतकेन्द्रबाट प्राविधिक सहयोग उपलब्ध हुने छ । यसको लागि नियमित प्रअ बैठक तथा विद्यालय सुपरिवेक्षणका समयमा विद्यालय सुधार योजना बारे छलफल गर्ने, योजना निर्माणमा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने, योजना निर्माण कार्यमा विद्यालयले आमन्त्रण गरेको अवस्थामा उपस्थित भई सक्रिय सहयोग पुऱ्याउने, प्राविधिक रूपमा

योजनाको लेखाजोखा गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने, कार्यान्वयनको नियमित रूपमा अनुगमन गर्ने जिम्मेवारी स्रोतव्यक्तिको हुनेछ ।

### २.५.३ स्थानीय तहको भूमिका

स्थानीय तहले सङ्घीय र प्रदेश कानुन र राष्ट्रिय नीति तथा कार्यक्रम समेतलाई दृष्टिगत गरी विद्यालय सुधार योजना सम्बन्धी नीति निर्माण, सहजीकरण, क्षमता विकास, बजेट व्यवस्थापन, अनुगमन, मूल्याङ्कन र नियमनका कार्य गर्नु बाञ्छनीय हुन्छ ।

## २.६ विद्यालय सेवा क्षेत्र

विद्यालय सुधार योजना निर्माण गर्दा विद्यालयको सेवा क्षेत्रको स्पष्ट सीमाङ्कन गर्नु आवश्यक हुन्छ । विद्यालय सुधार योजना निर्माण प्रयोजनका लागि निम्नलिखित आधारमा सेवा क्षेत्रको निर्धारण गर्नुपर्ने छ :

क) विद्यालय नक्साङ्कन कार्य सम्पन्न भएको भए सोहीबमोजिम कायम भएको सेवा क्षेत्रलाई विद्यालयको सेवा क्षेत्र मान्ने,

ख) विद्यालय नक्साङ्कन कार्य सम्पन्न नभएको अवस्थामा विद्यालयमा अध्ययन गर्न आउने बहुसङ्ख्यक विद्यार्थीहरू वसोवास गर्ने गाउँ/नगरपालिकाभित्रको वडा वा टोललाई विद्यालयको सेवाक्षेत्र कायम गर्ने । यस्तो निर्णय गर्दा सम्बन्धित वडा अध्यक्षको परामर्शमा स्रोतकेन्द्रस्तरीय प्रधानाध्यापक बैठकमा छलफल गरी विद्यालयको सेवा क्षेत्र निर्धारण गर्ने ।

## २.७ स्रोत व्यवस्थापन

विद्यालय सुधार योजना कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी विद्यालय स्वयंको हुने छ । यसका लागि विद्यालयले गत आर्थिक वर्षको आम्दानी र खर्च, आगामी वर्ष विद्यालयलाई प्राप्त हुन सक्ने स्रोतको आँकलन र विश्लेषण गरी सोही अनुसार वास्तविकतामा आधारित बजेट तथा कार्यकलापहरू तय गर्नुपर्दछ । विद्यालयलाई सरकारी स्तरबाट प्राप्त हुने अनुदान[१] अन्तर्गत ससर्त आधारभूत अनुदान, एकमुष्ठ अनुदान र कार्यसम्पादन अनुदान आदि पर्दछन् । सरकारी अनुदानमा मात्र निर्भर नभई विद्यालयले आन्तरिक र बाह्य स्रोत (विभिन्न सङ्घ संस्था एवम् व्यक्ति) बाट समेत बजेट जुटाउनुपर्दछ । विद्यालयले कुनै पनि निकायबाट प्राप्त गर्ने विभिन्न प्रकारका अनुदान एवम् सहयोगमा सञ्चालन गरिने कार्यकलापहरूलाई समेत विद्यालय सुधार योजनामा समावेश गरिनु पर्नेछ ।

[१] विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ अनुसार ।

स्रोत व्यवस्थापन गर्दा विद्यालयमा प्राप्त हुन सक्ने आर्थिक पक्षमा मात्र सीमित नरही विभिन्न स्रोतबाट प्राप्त हुन सक्ने मानवीय तथा भौतिक सहयोग समेत समेटिनुपर्दछ । शिक्षण सिकाइ तथा समग्र विद्यालय सुधारका लागि **शिक्षकले गर्नुपर्ने** र **गर्न सक्ने कार्यकलापहरू** विद्यालय सुधार योजनामा समावेश गर्नुपर्दछ । बजेट बिना गर्न सकिने कार्यकलापहरूलाई समेत प्राथमिकताका साथ विद्यालय सुधार योजनामा समावेश गर्नुपर्दछ ।

## २.८ योजना निर्माण क्षमता विकास

योजना तर्जुमा सम्बन्धी क्षमता अभिवृद्धिका लागि निम्नानुसारका व्यवस्थाहरू गरिने छन् :

क) यो सहयोगी पुस्तिका सबै विद्यालयका लागि उपलब्ध हुनेछ ।

ख) योजना निर्माण र कार्यान्वयन गर्नका लागि आवश्यकता अनुसार नियमित रूपमा स्रोतकेन्द्रस्तरमा अभिमुखीकरण/अन्तरक्रिया सञ्चालन गरिने छ ।

ग) विद्यालयले पञ्चवर्षीय योजना निर्माणको समयमा **कम्तीमा २ दिने** तथा वार्षिक कार्यान्वयन योजना तयारीका लागि हरेक वर्ष **कम्तीमा १ दिने विद्यालयस्तरीय योजना निर्माण कार्यशाला** आयोजना गर्नु पर्ने छ, जसले सरोकारवालाहरूको क्षमता अभिवृद्धिमा टेवा पुऱ्याउँछ ।

घ) स्थानीय स्तरमा उपलब्ध शिक्षासम्बन्धी विज्ञ एवम् विद्यालय निरीक्षक, स्रोतव्यक्तिहरूले विद्यालय सुपरिवेक्षण तथा अवलोकनका सिलसिलामा नियमित रूपमा योजना निर्माण र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्नेछन् ।

ङ) स्रोतकेन्द्र र स्थानीय तहमा सञ्चालन गरिने प्रधानाध्यापक बैठकमा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन सम्बन्धमा छलफल गर्नु पर्नेछ ।

च) नियमित रूपमा सञ्चालन हुने तालिम तथा अभिमुखीकरणमा विद्यालय सुधार योजना सम्बन्धी विषयवस्तु समावेश हुनेछ ।

योजना निर्माण क्षमता अभिवृद्धिका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले आवश्यकता अनुसारका सहजीकरण गर्न सक्नेछन् ।

# खण्ड-ख

# विद्यालय सुधार योजना कार्यविधि

यस खण्डमा मूलतः ***"विद्यालय सुधार योजना निर्माणका आधार", "योजना चक्र"*** र ***"योजना चक्रका तिन चरणहरूको विस्तृत विवरण"*** प्रस्तुत गरिएको छ ।

# १. विद्यालय सुधार योजना निर्माणका आधार

**विद्यालयको आफ्नै पहल**, सरोकारवालाहरूसँगको सहकार्य एवम् समन्वयबाट **शिक्षण सिकाइमा सुधार** ल्याउनु विद्यालय सुधार योजनाको **मुख्य उद्देश्य** हो। यसका लागि विद्यालयका सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता अनिवार्य सर्त हो । विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र समीक्षामा विव्यसको भूमिका निर्णायक रहन्छ । विव्यसको सदस्य सचिवको हैसियतले प्रअले योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा समीक्षाका लागि अग्रणी भूमिका निर्वाह गर्नुपर्दछ ।

# २. योजना चक्र

विद्यालय सुधार योजना प्रक्रियामा मुख्यतया तिनवटा चरणहरूः "**योजना निर्माण**", "**कार्यान्वयन**" र "**समीक्षा**" रहेका हुन्छन् । यी तिनवटै चरण विना विद्यालय सुधार योजनाले आफ्नो लक्ष्य हासिल गर्न सक्दैन। त्यसैले योजना निर्माण, कार्यान्वयन र समीक्षालाई एक नियमित प्रक्रियाको रूपमा लिनुपर्दछ। योजनाको चक्रलाई देहायअनुसार चित्रमा देखाइएको छः




**विद्यालय सुधार योजना कार्यान्वयन योग्य, व्यावहारिक र परिणाममुखी हुनुपर्छ ।** विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयनबाट मात्र यसको सार्थकता पूरा हुन्छ । प्रअ, शिक्षक, विव्यस र शिअसले योजना कार्यान्वयनको अवधिमा नियमित रूपमा अनुगमन एवम् समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्नु पर्दछ ।

विद्यालयले प्रत्येक वर्ष शैक्षिक सत्रको अन्त्य वा नयाँ शैक्षिक सत्रको सुरुवातका बेला **गत शैक्षिक सत्रमा तोकिएका कार्यकलापहरू सम्पन्न भए-नभएको समीक्षा** गर्नुपर्दछ । समीक्षाबाट प्राप्त सिकाइ तथा अनुभवलाई आगामी योजनामा प्रतिविम्बित गर्नुपर्दछ ।

योजना निर्माण, कार्यान्वयन र समीक्षाको नियमित प्रक्रियालाई वार्षिक कार्यतालिकाको रूपमा तल प्रस्तुत गरिएको छः

**विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र समीक्षा कार्यतालिका**

| गतिविधि / महिना | बै | जे | अ | श्रा | भा | आ | का | म | पौ | मा | फा | चै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| योजना निर्माण | कार्यशाला सञ्चालन तथा मस्यौदा लेखन | स्वःलेखाजोखा, स्वीकृति र पेस गर्ने | | | | | | | | | | |
| कार्यान्वयन | ---- | ---- | ---- | ---- | ---- | ---- | ---- | ---- | ---- | ---- | ---- | ---- |
| समीक्षा | | | | | | | | — | | | | — |

# ३. योजना चक्रका तिन चरणहरूको विस्तृत विवरण

## ३.१ योजना निर्माण

विद्यालयले हरेक पाँच वर्षमा पञ्चवर्षीय विद्यालय सुधार योजना निर्माण गर्नुपर्दछ र प्रत्येक वर्ष वार्षिक कार्यान्वयन योजना तयारी गर्नुपर्दछ । विव्यसले प्रअको संयोजकत्वमा विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि, शिक्षक अभिभावक सङ्घको प्रतिनिधि, शिक्षाप्रेमी र शिक्षक समेतको प्रतिनिधित्व हुने गरी ५ जनासम्मको विद्यालय सुधार योजना निर्माण कार्यदल गठन गर्नुपर्दछ । **विद्यालयका मुख्य सरोकारवाला सम्मिलित कार्यशाला**[२]का माध्यमबाट पञ्चवर्षीय योजना र वार्षिक कार्यान्वयन योजनाको निर्माण गर्नुपर्दछ । पञ्चवर्षीय योजना निर्माण र वार्षिक कार्यान्वयन योजना तयारीका लागि सामान्यतया समान प्रक्रिया अपनाउनुपर्दछ। विद्यालय सुधार योजना निर्माण गर्दा देहायअनुसारका कार्यहरू गर्नु आवश्यक छः

### ३.१.१ विद्यालय सुधार योजना निर्माण कार्यशालाको तयारी

पञ्चवर्षीय योजना र वार्षिक कार्यान्वयन योजना निर्माणको पहिलो चरणमा विद्यालय स्तरीय कार्यशालाको पूर्व तयारी गर्नु आवश्यक छ । कार्यशाला तयारी स्वरूप विद्यालयको वर्तमान अवस्थासँग सम्बन्धित तथ्याङ्क तालिका निर्माण, विगत योजनाको समीक्षा, लेखापरीक्षण तथा सामाजिक परीक्षणलगायतका प्रतिवेदनहरूको सारांश तयारीमा प्रअले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ।

### ३.१.२ विद्यालय सुधार योजना निर्माण कार्यशाला सञ्चालन

विद्यालयले विद्यालय सुधार योजना निर्माण कार्यदल, विव्यस पदाधिकारी, शिअस पदाधिकारी, शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी तथा शिक्षाप्रेमी/समाजसेवीलगायत **सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी** कार्यशाला सञ्चालन गर्नुपर्दछ। कार्यशालामा विद्यालय निरीक्षक/स्रोतव्यक्तिलाई समेत आमन्त्रण गर्नुपर्दछ । पञ्चवर्षीय योजना निर्माण र वार्षिक कार्यान्वयन योजना निर्माणका समयमा सञ्चालन गरिने कार्यशालाका विषयवस्तु तलको तालिकामा प्रस्तुत गरिएको छ।

---

[२] पञ्चवर्षीय योजना तयारीका बेलामा सञ्चालन गरिने विद्यालय स्तरीय कार्यशाला सहजीकरणका लागि तयार गरिएको ***"विद्यालय स्तरीय कार्यशाला सहयोगी-पुस्तिका २०७१"*** तथा बार्षिक कार्यान्वयन योजना तयारीका लागि तयार गरिएको सहयोगी पुस्तिका ***"वार्षिक विद्यालय सुधार योजना अद्यावधिकका लागि सहयोगी तालिम पुस्तिका तथा विद्यालयमा विपद् पूर्व तयारीसम्बन्धी सन्दर्भ सामग्री २०७२"*** पनि शिक्षा विभागको वेबसाइटमा उपलब्ध छ। कार्यशाला सञ्चालनका लागि उक्त पुस्तिकाहरू सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सकिने छ।

## विद्यालय सुधार योजना निर्माण कार्यशालामा छलफल गर्नुपर्ने विषयवस्तुहरू

| | विषयवस्तु | |
|---|---|---|
| | **पञ्चवर्षीय योजना निर्माणका लागि कार्यशाला** | **वार्षिक कार्यान्वयन योजना निर्माणका लागि कार्यशाला** |
| **कार्यशाला अवधि** | कम्तीमा २ दिन | कम्तीमा १ दिन |
| **१. दूरदृष्टि** | १.१ **चार प्रश्न**मा समूहगत छलफल (शिक्षक, शिअस/अभिभावक, विद्यार्थी र विव्यस)<br>१) कस्तो विद्यालयलाई राम्रो विद्यालय मान्नुहुन्छ ?<br>२) हाम्रो विद्यालयका राम्रा पक्ष के के छन् ?<br>३) हाम्रो विद्यालयलाई अझ राम्रो बनाउन के गर्नु पर्छ ?<br>४) हाम्रो विद्यालयलाई अझ राम्रो बनाउन के के समस्या तथा चुनौतीहरू आउन सक्छन् ?<br>नोट : प्रश्न १ बाट आएका धारणाका आधारमा दूरदृष्टि निर्धारण गर्नुपर्छ । बाँकी प्रश्नहरूमा प्राप्त धारणालाई योजना निर्माणका क्रममा उपयोगमा ल्याउनुपर्छ । | १.१ विव्यसद्वारा विद्यालयको दूरदृष्टि प्रस्तुत गर्ने |
| **२. अवस्था विश्लेषण** | २.१ विद्यालयको वर्तमान अवस्था<br>(यसै पुस्तिकाको खण्ड-ग को ३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण शीर्षकमा उल्लिखित तालिका-१ देखि ९) प्रस्तुति तथा छलफल<br>२.२ शिक्षक तथा विद्यार्थी उपस्थिति विश्लेषण<br>२.३ सामाजिक/लेखा परीक्षण, विद्यालय अनुगमनका क्रममा दिइएका मुख्य सुझावहरूको प्रस्तुति<br>२.४ विद्यालय अवलोकन<br>२.५ सरोकारवाला विश्लेषण<br>२.६ विद्यालय स्वःमूल्याङ्कन अभ्यास<br>(**विद्यालय स्वःमूल्याङ्कनका लागि नमुना रुजुसूची** अनुसूची २ मा उल्लेख गरिएको छ) । | २.१ गत शैक्षिक सत्रको प्रगति समीक्षा तथा सिकाइहरू आदान प्रदान गर्ने<br>२.२ शिक्षक तथा विद्यार्थी उपस्थिति विश्लेषण<br>२.३ सामाजिक/लेखापरीक्षण, विद्यालय अनुगमनका क्रममा दिइएका मुख्य सुझावहरूको प्रस्तुति<br>२.४ विद्यालय स्वःमूल्याङ्कन अभ्यास |

| | विषयवस्तु | |
|---|---|---|
| | **पञ्चवर्षीय योजना निर्माणका लागि कार्यशाला** | **वार्षिक कार्यान्वयन योजना निर्माणका लागि कार्यशाला** |
| **३. योजना निर्माण** | **पञ्चवर्षीय योजना**<br>३.१ उद्देश्य<br>३.२ आवश्यकताको पहिचान एवम् प्राथमिकीकरण<br>३.३ लक्ष्य निर्धारण<br>३.४ कार्यकलाप पहिचान<br>३.५ स्रोत पहिचान<br>**पहिलो वर्षको कार्यान्वयन योजना**<br>३.६ विस्तृत वार्षिक कार्यकलाप र बजेट<br>३.७ वार्षिक कार्यतालिका<br>३.८ अनुगमन योजना | ३.१ चालु वर्षको लक्ष्य निर्धारण<br>३.२ बजेट अनुमान<br>३.३ चालु बर्षको विस्तृत वार्षिक कार्यकलाप र बजेट<br>३.४ वार्षिक कार्यतालिका<br>३.५ अनुगमन योजना |
| **४. कार्यतालिका तयारी** | ४.१ पञ्चवर्षीय योजना निर्माणका बाँकी कार्यहरूको कार्यतालिका निर्धारण | ४.१ वार्षिक कार्यान्वयन योजना तयारीका बाँकी कार्यहरूको कार्यतालिका निर्धारण |

### ३.१.३ मस्यौदा लेखन, लेखाजोखा, स्वीकृति र सम्प्रेषण

**पञ्चवर्षीय योजना** र **वार्षिक कार्यान्वयन योजना** मस्यौदा लेखन, लेखाजोखा र स्वीकृति गर्ने प्रक्रिया समान प्रकृतिको हुन्छ ।

- विद्यालय सुधार योजना निर्माणको लागि सञ्चालित कार्यशालामा भएको छलफल र कार्यशालाका सुझावलाई प्रतिविम्बित हुने गरी विद्यालय सुधार योजना निर्माण कार्यदलले विद्यालय सुधार योजनाको मस्यौदा तयार गर्नुपर्दछ ।
- विव्यसले योजना निर्माण कार्यदलसमेतको सहभागितामा **योजना मस्यौदाको स्वःलेखाजोखा** गरी योजनालाई अन्तिम रूप दिनुपर्दछ । योजना मस्यौदाको स्वःलेखाजोखा गर्दा देहायका बुदाँहरूलाई आधारको रूपमा लिनुपर्दछ ।

### योजना मस्यौदाको स्वःलेखाजोखा गर्दा ध्यान दिनु पर्ने बुदाँहरू

| क्र.स. | आधारहरू | छ वा छैन |
|---|---|---|
| क. | **संरचना :** के विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ मा निर्धारित ढाँचा अनुसार विद्यालय सुधार योजना तयार भएको छ ? | |
| ख. | **तथ्याङ्क विश्लेषण र योजनाको सम्बन्ध :** उपयुक्त तरिकाले तथ्याङ्कको प्रस्तुतीकरण, विश्लेषण भएको छ ? सोको आधारमा योजना निर्माण भएको छ ? | |
| ग. | **सम्भाव्यता :** के योजना उपलब्ध आर्थिक स्रोत, मानवीय स्रोत एवम् कार्यान्वयन समयको हिसाबले कार्यान्वयन योग्य छ ? | |
| घ. | **शैक्षिक गुणस्तर :** के योजनामा शैक्षिक गुणस्तर सुधारका कार्यकलापहरू जस्तैः सिकाइ उपलब्धि सुधार, शिक्षक विद्यार्थी नियमितता, शैक्षिक सामग्रीको प्रयोग, निरन्तर विद्यार्थी मूल्याङ्कन आदि समावेश गरिएको छ ? | |
| ङ. | **बजेट विना वा कम बजेटमा गर्न सकिने कार्यकलापहरू :** के योजनामा बजेट विना वा कम बजेटमा गर्नसकिने कार्यकलापहरू समावेश भएका छन् ? | |
| च. | **सामाजिक पक्ष :** योजनामा समता र समावेशीकरण, सामाजिक विविधता, अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता, बालमैत्री वातावरण आदि पक्षहरूको प्रवर्द्धनमा ध्यान दिइएको छ ? | |
| छ. | **प्रतिविम्बीकरण पक्ष :** योजनामा विगतका अनुभवबाट प्राप्त सिकाइ एवम् सरोकारवालाहरूको धारणा प्रतिविम्बित भएको छ ? | |

- विद्यालय सुधार योजनाको गुणस्तर सुधार गर्न विद्यालयलाई नियमित रूपमा मार्गदर्शन तथा प्राविधिक सहयोग गर्ने जिम्मेवारी स्रोतव्यक्तिको हो । यसको अलावा स्थानीय तहको शिक्षा हेर्ने अधिकारी, विद्यालय निरीक्षक, स्रोतव्यक्ति सम्मिलित *योजना लेखाजोखा प्राविधिक कार्यदल*द्वारा योजनाको गुणस्तर परीक्षण गर्न सकिने छ । विद्यालय सुधार योजना लेखाजोखाका लागि प्रयोग गर्न सकिने फारामको नमुना अनुसूची ३ मा उल्लेख गरिएको छ ।
- विद्यालय सुधार योजना (पञ्चवर्षीय योजना र वार्षिक कार्यान्वयन योजना) को स्वीकृति विव्यसले गर्नु पर्ने छ । स्वीकृत विद्यालय सुधार योजना स्रोतकेन्द्र, स्थानीय तह र अन्य सहयोगी निकायमा प्रत्येक शैक्षिक सत्रको जेष्ठ मसान्तभित्र पेस गर्नुपर्ने छ ।

## ३.२ योजनाको कार्यान्वयन तथा अनुगमन

विद्यालय सुधार योजनाको कार्यान्वयन तथा नियमित अनुगमन गर्ने जिम्मेवारी विव्यसको हो । प्रअले विद्यालय सुधार योजनामा उल्लेख गरिएका कार्यकलापहरू जस्तैः शिक्षकको उपस्थिति, कक्षा शिक्षणको लागि पूर्वतयारी योजना र त्यसको प्रयोग गरे नगरेको र शिक्षण सिकाइको गुणस्तर, विद्यार्थीहरूको उपस्थिति, सम्पूर्ण सुरक्षा स्थिति र सरसफाइ आदि कार्यान्वयन गर्ने गराउने र सोको अनुगमन गर्नु पर्दछ । यसका लागि प्रअले कुनै शिक्षकलाई निश्चित क्रियाकलापको जिम्मेवारी तोक्न सक्नेछन् । विव्यस, शिअस, शिक्षक र अभिभावकहरूले विद्यालय सुधार योजनामा समावेश भएका विभिन्न क्रियाकलाप सञ्चालनमा सहयोग गर्नुपर्ने छ । साथै विव्यसको नियमित बैठकमा योजनाको प्रगति समीक्षा गरी प्राप्त सिकाइ तथा सवालहरूलाई छलफल गरी आगामी योजनामा प्रतिविम्बित गर्नुपर्दछ । विव्यसले विद्यालयसँग समुदाय र अभिभावकहरूको सम्बन्ध स्थापित गर्ने संयोजनकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

बालक्लब, आमासमूह, अन्य समूह तथा समुदायमा आधारित सङ्घसंस्थाहरूले पनि विद्यालयका कार्यकलापहरूको कार्यान्वयन र अनुगमनको लागि जिम्मेवारी लिनुपर्दछ ।

## ३.३ समीक्षा

विद्यालय व्यवस्थापन समितिले विद्यालय सुधार योजना कार्यान्वयनको आवधिक रूपमा प्रगति समीक्षा गरी अभिलेखीकरण गर्नुपर्दछ । आवधिक रूपमा गरिने समीक्षाबाट प्राप्त पृष्ठपोषणका आधारमा कार्यकलापहरू सञ्चालन गर्नुपर्दछ । वार्षिक समीक्षाबाट प्राप्त सिकाइहरूले आगामी योजना निर्माण र कार्यान्वयनका लागि सहयोग पुग्दछ ।

# खण्ड - ग
# विद्यालय सुधार योजनाको ढाँचा
# (नमुना तालिका र उदाहरण)

यस खण्डमा ***"पञ्चवर्षीय योजना"*** र ***"वार्षिक कार्यान्वयन योजना"*** निर्माणका लागि विषयवस्तुको लेखन, प्रस्तुतीकरण तथा विश्लेषण गर्न व्यावहारिक साधन *(Practical tools)* का रूपमा नमुना तालिका, तथ्याङ्क प्रस्तुतीकरण र सो सम्बन्धी आवश्यक मार्गदर्शन र सान्दर्भिक उदाहरण प्रस्तुत गरिएको छ ।

**पहिलो भाग: "पञ्चवर्षीय योजनाको ढाँचा"**
**दोस्रो भाग: "वार्षिक कार्यान्वयन योजनाको ढाँचा"**

## विद्यालय सुधार योजना

## पञ्चवर्षीय योजनाको ढाँचा

**(...........देखि .......... सम्म)**

हाम्रो भनाइ
योजनाको सारांश
विषय-सूची

**१. विद्यालयको परिचय**
- १.१ ऐतिहासिक पृष्ठभूमि
- १.२ भौगोलिक अवस्था
- १.३ विद्यालय रहेको समुदायको बनोट
- १.४ विद्यालय सेवा क्षेत्र
- १.५ विद्यालयमा सञ्चालित कार्यक्रम

**२. विद्यालय सुधार योजना निर्माण प्रक्रिया**
- २.१ पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा
- २.२ विद्यालय सुधार योजना निर्माण प्रक्रिया

**३. विद्यालयको अवस्था विश्लेषण**
- ३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण
- ३.२ मुख्य समस्या र समाधानका उपायहरू

**४. योजना निर्माण**
- ४.१ विद्यालयको दूरदृष्टि
- ४.२ उद्देश्य
- ४.३ आवश्यकता पहिचान एवम् प्राथमिकीकरण
- ४.४ लक्ष्य निर्धारण
- ४.५ पाँच वर्षका लागि कार्यकलाप निर्धारण
- ४.६ पाँच वर्षका लागि बजेट अनुमान

**५. पहिलो वर्षको वार्षिक कार्यान्वयन योजना**
- ५.१ विस्तृत कार्यकलाप र बजेट
- ५.२ वार्षिक कार्य तालिका
- ५.३ अनुगमन योजना

**अनुसूची**
- १) विद्यालय सुधार योजना निर्माण कार्यशालाको उपस्थिति प्रतिलिपि
- २) विद्यालय सुधार योजना स्वीकृतिको निर्णय प्रतिलिपि
- ३) विद्यालय स्वःमूल्याङ्कन रुजुसूची

# १. विद्यालयको परिचय

## १.१ ऐतिहासिक पृष्ठभूमि

स्थानीय शिक्षाप्रेमी तथा विद्यालयका सरोकारवालासँग आवश्यक परामर्श गरी विद्यालय स्थापनाको सन्दर्भ, नामकरण, विकासक्रम एवम् विद्यालय विकासका लागि स्थानीय समुदायबाट उपलब्ध योगदान समेतलाई समेटी विवरणात्मक पृष्ठभूमि तयार गर्ने ।

## १.२ भौगोलिक अवस्था

स्थानीय तहमा उपलब्ध भौगोलिक नक्सासमेतलाई आधार मानी विद्यालय क्षेत्रको भौगोलिक अवस्था एवम् प्राकृतिक बनोटलाई समेटी नक्सासहितको विवरण तयार गर्ने । विद्यालय क्षेत्र वरिपरि विगतमा घटेका प्राकृतिक विपद्का घटनाहरू तथा उक्त घटनाबाट विद्यालय र समुदायलाई परेको असर उल्लेख गर्ने ।

## १.३ विद्यालय रहेको समुदायको बनोट

विद्यालय रहेको क्षेत्रको सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, आर्थिक एवम् लैंङ्गिक अवस्था समावेश गरी जनसङ्ख्यिक विवरण प्रस्तुत गर्ने ।

## १.४ विद्यालयको सेवाक्षेत्र

खण्ड क को पृष्ठ ६ मा उल्लेख गरिएको नीतिगत व्यवस्थाभित्र रही विद्यालयको सेवा क्षेत्र किटान गरी उल्लेख गर्ने ।

## १.५ विद्यालयमा सञ्चालित कार्यक्रम

विद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रमहरू जस्तै प्रारम्भिक बालशिक्षा/पूर्व प्राथमिक देखि कक्षा १२ सम्मको औपचारिक शिक्षा, विशेष शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, परम्परागत शिक्षा (गुरुकुल, गोन्पा र मदरसा), प्राविधिक तथा व्यावसायिक शिक्षा आदि उल्लेख गर्ने ।

# २. विद्यालय सुधार योजना निर्माण प्रक्रिया

## २.१ पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा

पछिल्लो विद्यालय सुधार योजना कार्यान्यनबाट प्राप्त उपलब्धिहरू, राम्रा पक्ष, सुधारात्मक पक्ष, सिकाइ आदि बुँदागत रूपमा उल्लेख गर्ने ।

## २.२ विद्यालय सुधार योजना निर्माण प्रक्रिया

विद्यालय सुधार योजना निर्माणका लागि विद्यालयले अवलम्बन गरेको चरणवद्ध प्रक्रिया (जस्तै विव्यस बैठकबाट विद्यालय सुधार योजना निर्माण कार्यदल गठन, कार्यदलद्वारा तथ्याङ्क सङ्कलन र विश्लेषण, कार्यशाला सञ्चालन, मस्यौदा तयारी, मस्यौदा उपर सुझाव सङ्कलन, विव्यसमा पेस र स्वीकृति) संक्षेपमा उल्लेख गर्ने ।

# ३. विद्यालयको अवस्था विश्लेषण

## ३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण

विद्यालयको मौजुदा अवस्थालाई तपसिल बमोजिमका **९ ओटा क्षेत्रमा उल्लिखित नमुना तालिका**हरूमा प्रस्तुतीकरण गरी विश्लेषण गर्नुपर्छ । प्रस्तुत तालिकाहरू उदाहरणका रूपमा मात्र प्रस्तुत गरिएको छ । यसमा विद्यालयको आवश्यकताअनुसार थप परिमार्जन गर्न सकिने छ । तल उल्लिखित तालिकाहरूमध्ये **कक्षागत विद्यार्थी विवरण, शिक्षक विवरण, भौतिक सुविधाको अवस्था र शैक्षिक सामग्रीको विवरणमा** तथ्याङ्क प्रस्तुत गर्दा चालु शैक्षिक सत्रको तथ्याङ्क प्रयोग गर्नुपर्ने छ । तर, **आन्तरिक सक्षमताको अवस्था, विद्यार्थीको सिकाइ उपलब्धि विवरण, विद्यालय सञ्चालनको अवस्था, विद्यालयको व्यवस्थापकीय प्रबन्ध र आय व्यय विवरणको हकमा** गत वर्षको तथ्याङ्क प्रयोग गर्नुपर्ने छ ।

### ३.१.१ कक्षागत विद्यार्थी विवरण

कक्षा ..... देखि ..... सम्म सञ्चालित यस विद्यालयको चालु शैक्षिक सत्रको कक्षागत विद्यार्थी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ :

**तालिका १: कक्षागत विद्यार्थी विवरण**

| क्र.स. | विवरण | विद्यार्थी सङ्ख्या | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | दलित | अपाङ्गता भएका | सीमान्तकृत | .... | |
| | | छात्रा | छात्र | जम्मा | | | | | |
| १. | प्रारम्भिक बालविकास | | | | | | | | |
| २. | प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना | | | | | | | | |
| ३. | कक्षा-१ | | | | | | | | |
| ४. | कक्षा-२ | | | | | | | | |
| ५. | कक्षा-३ | | | | | | | | |
| ६. | कक्षा-४ | | | | | | | | |
| ७. | कक्षा-५ | | | | | | | | |
| | कक्षा १-५ जम्मा | | | | | | | | |

| क्र.स. | विवरण | विद्यार्थी सङ्ख्या | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | दलित | अपाङ्गता भएका | सीमान्तकृत | .... | |
| | | छात्रा | छात्र | जम्मा | | | | | |
| ८. | कक्षा-६ | | | | | | | | |
| ९. | कक्षा-७ | | | | | | | | |
| १०. | कक्षा-८ | | | | | | | | |
| कक्षा ६-८ जम्मा | | | | | | | | | |
| ११. | कक्षा-९ | | | | | | | | |
| १२. | कक्षा-१० | | | | | | | | |
| कक्षा ९-१० जम्मा | | | | | | | | | |
| १३. | कक्षा-११ | | | | | | | | |
| १४. | कक्षा-१२ | | | | | | | | |
| कक्षा ११-१२ जम्मा | | | | | | | | | |
| कक्षा १-१२ को कुल जम्मा | | | | | | | | | |

तथ्याङ्क विश्लेषण:

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा कक्षागत विद्यार्थी भर्नाको अवस्था, कक्षागत विद्यार्थी सङ्ख्यामा लैङ्गिक सन्तुलन, अपाङ्गता भएका विद्यार्थीहरूको विवरण आदिलाई समेटी विश्लेषणात्मक प्रस्तुति गर्ने ।

उदाहरणका रूपमा

- कक्षा १ मा भर्ना भएका कुल ...... जना विद्यार्थीमध्ये प्रारम्भिक बालविकासको अनुभवसहित भर्ना भएका विद्यार्थी सङ्ख्या ....जना (.....%) रहेको छ ।
- विद्यालयमा भर्ना भएका कुल ........विद्यार्थीमध्ये .....जना (......%) छात्रा रहेका छन् । छात्र भन्दा छात्राको सङ्ख्या कम/बढी हुनुको कारण ......................हो ।
- अपाङ्गता भएका कुल ....... विद्यार्थीहरूमध्ये ...... सुनाइ सम्बन्धी, ........ दृष्टि सम्बन्धी, ........ बौद्धिक अपाङ्गता भएका, ......... शारीरिक अपाङ्गता भएका तथा ......... अन्य अपाङ्गता रहेका छन् ।

### ३.१.२ आन्तरिक सक्षमताको अवस्था

विद्यालयको गत शैक्षिक सत्रमा कुल भर्ना भएका विद्यार्थीहरूमध्ये यस शैक्षिक सत्रमा कक्षोन्नति हुने, कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने विद्यार्थी सङ्ख्याका आधारमा आन्तरिक सक्षमताको अवस्था देहायको तालिकामा उल्लेख गरिएको छ :

**तालिका-२: आन्तरिक सक्षमताको अवस्था**

| कक्षा | गत शैक्षिक सत्रमा भर्ना हुने जम्मा विद्यार्थी सङ्ख्या (क) | कक्षोन्नति हुने सङ्ख्या (ख) | दोहोऱ्याउने सङ्ख्या (ग) | छाड्ने र स्थानान्तरण (घ) घ=(क-ख-ग) | कक्षोन्नति हुने दर (%) ख/क×१०० | दोहोऱ्याउने दर (%) ग/क×१०० | छाड्ने र स्थानान्तरण दर (%) घ/क×१०० |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | | | | | % | % | % |
| १ | ३० | २४ | ४ | २ | ८०% | १३.३% | ६.६% |
| २ | | | | | % | % | % |
| ३ | | | | | % | % | % |
| ४ | | | | | % | % | % |
| ५ | | | | | % | % | % |
| कक्षा १-५ जम्मा | | | | | | | |
| ६ | | | | | % | % | % |
| ७ | | | | | % | % | % |
| ८ | ५० | ४५ | ० | ५ | ९०% | ०% | १०% |
| कक्षा ६-८ जम्मा | | | | | % | % | % |
| ९ | | | | | % | % | % |
| १० | | | | | % | % | % |
| कक्षा ९-१० जम्मा | | | | | % | % | % |
| ११ | | | | | | | |
| १२ | | | | | | | |

द्रष्टव्य: उदाहरणका लागि कक्षा १ को आन्तरिक सक्षमता निर्धारण गर्ने तरिका तलको चार्टमा प्रस्तुत गरिएको छ :

**कक्षा १ को आन्तरिक सक्षमता निर्धारण गर्दा (उदाहरणका लागि)**




तथ्याङ्क विश्लेषण :

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा कक्षागत अवस्थाको तुलनात्मक अध्ययन, कक्षोन्नति दर उच्च वा न्यून हुनका मुख्य कारणहरूका साथै कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने सङ्ख्याको अवस्था विश्लेषण गरी प्रस्तुत गर्ने ।

उदाहरणका रूपमा

- कक्षा १ मा गत वर्ष भर्ना भएका कुल ३० जना विद्यार्थीमध्ये ४ जना (१३.३%) ले कक्षा दोहोऱ्याएका छन् । यसको मुख्य कारण कम उमेरका विद्यार्थी भर्ना हुनु रहेको छ ।
- ..........................................

### ३.१.३ विद्यार्थीको सिकाइ उपलब्धि विवरण

यस विद्यालयको गत शैक्षिक सत्रको मार्क लेजर र विद्यार्थीको व्यक्तिगत विवरणका आधारमा देहायको तालिकामा औसत सिकाइ उपलब्धि उल्लेख गरिएको छ :

**तालिका-३ : विद्यार्थीको औसत सिकाइ उपलब्धि विवरण**

| कक्षा | विद्यार्थी सङ्ख्या | विषयगत* | | | | | | कक्षागत ** |
|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | गणित | अङ्ग्रेजी | सामाजिक | विज्ञान | ....... | |
| प्रारम्भिक बालविकास | | | | | | | | |
| कक्षा-१ | | | | | | | | |
| कक्षा-२ | | | | | | | | |
| कक्षा-३ | | | | | | | | |
| कक्षा-४ | | | | | | | | |
| कक्षा-५ | | | | | | | | |
| **औसत कक्षा १–५** | | | | | | | | |
| कक्षा-६ | | | | | | | | |
| कक्षा-७ | | | | | | | | |
| कक्षा-८ | | | | | | | | |
| **औसत कक्षा ६–८** | | | | | | | | |
| कक्षा-९ | | | | | | | | |
| कक्षा-१० | | | | | | | | |

*विषयगत र **कक्षागत औसत सिकाइ उपलब्धि निकाल्ने तरिका पृष्ठ २१ मा उल्लेख गरिएको छ ।

द्रष्टव्यः

१. प्रारम्भिक बाल शिक्षाको हकमा विषयगत रूपमा नभई सफासुग्घर, अन्तरक्रियात्मक व्यवहार, शिष्टाचार/सामाजिकीकरण, पूर्वसाक्षरता क्रियाकलापमा हासिल गरेको उपलब्धिलाई अङ्कमा नभई उत्तम, मध्यम र निम्न अवस्थामा सूचीकृत गरी उल्लेख गर्ने ।
२. कक्षा १० लगायत अक्षराङ्कन पद्धति अवलम्बन गरेका कक्षाहरूको हकमा औसत ग्रेड प्वाइन्ट उल्लेख गर्ने ।
३. तालिकामा उल्लेख गरिएका विषय बाहेक अन्य विषयहरू विद्यालयले थप गर्न सक्ने छन् ।
४. कक्षा ११, १२ र प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरूको हकमा औसत सिकाइ उपलब्धि विश्लेषण गर्नको लागि विद्यालयले सन्दर्भ अनुसार छुट्टै तालिका बनाउन सक्ने छन् ।
५. निरन्तर मूल्याङ्कन प्रणाली अवलम्बन गरेका कक्षाको सिकाइ उपलब्धि परीक्षाको मार्क लेजरका आधारमा विश्लेषण गर्ने ।

तथ्याङ्क विश्लेषण:

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा कक्षागत, विषयगत, तहगत र समग्र विद्यालयको शैक्षिक उपलब्धिको तुलना गर्ने र शैक्षिक उपलब्धि उच्च वा न्यून हुनाका मुख्य कारणहरू विश्लेषण गरी प्रस्तुत गर्ने ।

## विषयगत र कक्षागत औसत सिकाइ उपलब्धि निकाल्ने तरिका

*** "विषयगत" औसत सिकाइ उपलब्धि निकाल्ने तरिका**

कुनै एउटा विषयमा विद्यार्थीहरूले प्राप्त गरेको अङ्क जोड्ने जस्तै कक्षा १ को नेपाली विषयको औसत उपलब्धि निकाल्दा

| रोल नम्बर | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा प्राप्ताङ्क | औसत सिकाइ उपलब्धि |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपालीमा प्राप्त गरेको अङ्क | ६४ | ५० | ७२ | ३३ | २० | ७८ | १० | ३२७ | ३२७/७=४६.७१ |

**** "कक्षागत" सिकाइ उपलब्धि निकाल्ने तरिका**

जुन कक्षाको औसत सिकाइ उपलब्धि निकाल्ने हो सोही कक्षाको सबै विषयको औसत उपलब्धि निकाल्ने । प्रत्येक विषयको औसत प्राप्ताङ्कलाई त्यही विषयमा परीक्षा दिने विद्यार्थी सङ्ख्याले गुणन गरी सो गुणनफललाई र उक्त कक्षामा प्रत्येक विषयको परीक्षामा सहभागी विद्यार्थीहरूको सङ्ख्याले भाग गर्ने ।

उदाहरणका लागि विषयगत औसत प्राप्ताङ्कलाई M र परीक्षामा सम्मिलित जम्मा विद्यार्थी सङ्ख्यालाई N मान्दा,

| विषय | नेपाली | अङ्ग्रेजी | गणित | .... | ......... | ...... |
|---|---|---|---|---|---|---|
| प्रत्येक विषयको औसत | $M_1$ | $M_2$ | $M_3$ | $M_4$ | $M_5$ | ..... |
| परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या | $N_1$ | $N_2$ | $N_3$ | $N_4$ | $N_5$ | ...... |

$$\text{कक्षागत औसत} = \frac{M_1 \times N_1 + M_2 \times N_2 + M_3 \times N_3 + M_4 \times N_4 + M_5 \times N_5 + \ldots\ldots}{N_1 + N_2 + N_3 + N_4 + N_5 + \ldots\ldots}$$

**तहगत औसत उपलब्धि निकाल्ने तरिका**

औसत तहगत वा पूरै विद्यालयको निकाल्न सकिन्छ । मानौं कक्षा १ देखि ५ सम्मको मात्र निकाल्नु छ भने, कक्षाको औसत सिकाइ उपलब्धि निकाल्दा एउटा विषयको औसतलाई $M_1$ मानेकोमा यहाँ एउटा कक्षाको औसतलाई $M_1$ मान्ने । त्यसैले कक्षा १ को औसत अङ्कलाई $M_1$ मान्ने, कक्षा २ को औसत $M_2$,.......यसै गरी कक्षा ५ को औसत $M_5$ मान्ने । त्यसैगरी विद्यार्थी सङ्ख्यालाई पनि सोही अनुरूप नै क्रमशः कक्षा १ को विद्यार्थी सङ्ख्यालाई $N_1$ मान्ने, कक्षा २ को विद्यार्थी सङ्ख्यालाई $N_2$,.......यसै गरी कक्षा ५ को विद्यार्थी सङ्ख्यालाई $N_5$ मान्ने । त्यसपछि माथिकै कक्षाको औसत सिकाइ उपलब्धि निकाल्दा जस्तो सूत्र अनुसार, १–५ को औसत निकाल्ने ।

### ३.१.४ शिक्षक विवरण

यस विद्यालयमा हाल कार्यरत शिक्षकहरूको तहगत र विषयगत विवरण यस प्रकार छ :

**तालिका-४: शिक्षक विवरण**

| तह | सञ्चालित सेक्सन सङ्ख्या | शिक्षक सङ्ख्या | | | | | विषयगत शिक्षक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रकार | | | जम्मा | | विषय | सङ्ख्या | |
| | | स्वीकृत दरबन्दी | राहत | निजीस्रोत र अन्य | जम्मा | महिला | | | |
| प्रारम्भिक बालविकास | | | | | | | | | |
| आधारभूत (कक्षा १-५) | | | | | | | | | |
| आधारभूत (कक्षा ६-८) | | | | | | | अङ्ग्रेजी | | |
| | | | | | | | गणित/विज्ञान | | |
| | | | | | | | नेपाली | | |
| | | | | | | | सामाजिक | | |
| | | | | | | | .......... | | |
| माध्यमिक (कक्षा ९-१०) | | | | | | | अङ्ग्रेजी | | |
| | | | | | | | गणित | | |
| | | | | | | | विज्ञान | | |
| | | | | | | | नेपाली | | |
| | | | | | | | सामाजिक | | |
| | | | | | | | .......... | | |
| माध्यमिक (कक्षा ११-१२) | | | | | | | अङ्ग्रेजी | | |
| | | | | | | | नेपाली | | |
| | | | | | | | .......... | | |
| | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | |

द्रष्टव्य:

शिक्षकहरूको नामावली तहगत र विषयगत रूपमा अनुसूचीमा उल्लेख गर्न सकिने छ ।

<u>तथ्याङ्क विश्लेषण:</u>

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा विषयगत शिक्षक विवरण, प्रकार (दरवन्दी/राहत/निजीस्रोत), शिक्षक-विद्यार्थी अनुपात आदि समेटी विश्लेषणात्मक विवरण प्रस्तुत गर्ने ।

### ३.१.५ विद्यालय सञ्चालन अवस्था

यस विद्यालयमा गत शैक्षिक सत्रको विद्यालय सञ्चालनको अवस्था यस प्रकार छ :

**तालिका-५: विद्यालय सञ्चालन अवस्था**

| क्र.स. | विवरण | वार्षिक औसत दिन | निर्धारित मापदण्ड |
|---|---|---|---|
| १. | विद्यालय खुलेको दिन | | २२० दिनभन्दा बढी |
| २. | पठनपाठन भएको दिन | | न्यूनतम वार्षिक<br>कक्षा १-५: १९२ दिन,<br>कक्षा ६-८: २१० दिन<br>माध्यमिक : २२० दिन |
| ३. | प्रारम्भिक बाल विकासका विद्यार्थीको औसत उपस्थिति | | न्यूनतम वार्षिक १९२ दिन |
| ४. | कक्षा १-५ का विद्यार्थीको औसत उपस्थिति* | | न्यूनतम वार्षिक २१० दिन |
| ५. | कक्षा ६-८ का विद्यार्थीको औसत उपस्थिती | | न्यूनतम वार्षिक २१० दिन |
| ६. | कक्षा ९-१० का विद्यार्थीको औसत उपस्थिति | | न्यूनतम वार्षिक २२० दिन |
| ७. | कक्षा ११-१२ का विद्यार्थीको औसत उपस्थिति | | |
| ८. | विद्यालयमा शिक्षकको औसत उपस्थिति** | % | विद्यालय खुलेको दिनमध्ये ९२% |
| ९. | औसत शिक्षण सिकाइ समय तहगत *** | % | कक्षा १-३= ८१६ घण्टा प्रति कक्षा |
| | | % | कक्षा ४-५= ९३६ घण्टा प्रति कक्षा |
| | | % | कक्षा ६-८= १०५० घण्टा प्रति कक्षा |
| | | % | कक्षा ९-१०= प्रति विषय १२८ घण्टा प्रति कक्षा |

तथ्याङ्क विश्लेषण :

तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा तहगत विद्यार्थीको वार्षिक हाजिरीको तुलना, विद्यालय खुलेको दिन र शिक्षकको हाजिरी लेखाजोखा, पठनपाठन भएको र विद्यालय खुलेको समयको गणना, हाजिरी एवम् विद्यालय पठनपाठनको समय न्यून हुनका मुख्य कारणहरू विश्लेषण लगायतका पक्षहरूलाई समेटी व्याख्यात्मक प्रस्तुति गर्ने ।

***वार्षिक औसत उपस्थिति दिन निकाल्ने तरिका**

| कक्षा | विद्यार्थी सङ्ख्या | वर्षमा कति दिन, कतिजना विद्यार्थी उपस्थित भए ? |
|---|---|---|
| कक्षा-१ | १० | यदि विद्यार्थी १=१४१ दिन, विद्यार्थी २=११२, विद्यार्थी, ३=१३२ ................गरी १० जम्मा विद्यार्थीहरूको वार्षिक उपस्थिति = १,१०२ छ भने, औसत उपस्थिति दिन निकाल्दा जम्मा दिनलाई विद्यार्थी सङ्ख्याले भाग गर्ने (१,१०२/१०=११० दिन) |
| कक्षा-२ | ७ | यदि ७ जना विद्यार्थीहरूको वार्षिक उपस्थिति ९३४ दिन छ भने, औसत उपस्थिति दिन (९३४/७=................. दिन) |
| कक्षा-३ | ६ | यदि ६ जना विद्यार्थीहरूको वार्षिक उपस्थिति ७८९ दिन छ भने, औसत उपस्थिति दिन (७८९/६=................. दिन) |
| कक्षा-४ | ६ | यदि ६ जना विद्यार्थीहरूको वार्षिक उपस्थिति ८७६ दिन छ भने, ................. |
| कक्षा-५ | ५ | यदि ५ जना विद्यार्थीहरूको वार्षिक उपस्थिति ८९० दिन छ भने, ............. |
| कक्षा १-५ | ३४ | कक्षा १-५ का सबै विद्यार्थीहरूको वार्षिक उपस्थिति ४,५९१ दिन रहेको छ भने, वार्षिक औसत उपस्थिति दिन ४,५९१/३४=१३५ दिन हुन्छ । |

$$\text{**औसत शिक्षक उपस्थिति (विद्यालयगत/तहगत) दर प्रतिशतमा} = \frac{\text{शिक्षकहरू उपस्थित भएको जम्मा दिन}}{\text{विद्यालय खुलेको जम्मा दिन x जम्मा शिक्षक सङ्ख्या}} \times १००$$

$$\text{***औसत शिक्षण सिकाइ समय (तहगत) दर प्रतिशतमा} = \frac{\text{शिक्षण सिकाइ जम्मा समय (तहगत)}}{\text{समय तालिका अनुसार शिक्षण सिकाइ गर्नुपर्ने जम्मा समय (तहगत) x जम्मा शिक्षक सङ्ख्या (तहगत)}} \times १००$$

शिक्षण सिकाइ समयसम्बन्धी विस्तृत जानकारीका लागि **शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि, २०७४** हेर्नुहोला ।

### ३.१.६ भौतिक सुविधाको अवस्था

यस विद्यालयको हाल रहेको भौतिक सुविधाको अवस्था यस प्रकार छ :

**तालिका-६: भौतिक सुविधाको अवस्था**

| क्र.स. | विवरण | जम्मा सङ्ख्या | पर्याप्तता | | मर्मत/सुधार आवश्यक सङ्ख्या | भूकम्प प्रतिरोधक वा सुरक्षित सङ्ख्या | अपाङ्गता मैत्री भए सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | | | छ (√) | छैन (√) | | | |
| १. | विद्यालय भवन | | | | | | |
| २. | प्रारम्भिक बालविकास | | | | | | |
| | २.१ बालविकास केन्द्र/कक्षा | | | | | | |
| | २.२ सिकाइ क्षेत्र (Learning space) | | | | | | |
| | २.३ अलगै खेल मैदान | | | | | | |
| ३. | कक्षा कोठा | | | | | | |
| ४. | फर्निचर | | | | | | |
| ५. | जम्मा शौचालय | | | | | | |
| | छात्रा शौचालय | | | | | | |
| | WASH Facilities सहितको शौचालय | | | | | | |
| ६. | विद्यालय कम्पाउन्ड, घेराबार | | | | | | |
| ७. | खानेपानी | | | | | | |
| ८. | खेलकुद मैदान | | | | | | |
| ९. | प्रयोगशाला | | | | | | |
| | ९.१ कम्प्युटर/ICT प्रयोगशाला | | | | | | |
| | ९.२ विज्ञान प्रयोगशाला | | | | | | |
| १०. | अध्ययन कक्षसहितको पुस्तकालय | | | | | | |
| ११. | ............................ | | | | | | |

<u>तथ्याङ्क विश्लेषण :</u>

